पञ्चकन्या माई हाइड्रोपावर लि.

**Panchakanya Mai Hydropower Limited**
Lalitpur, metropolitan city - 3, Pulchowk, Lalitpur
Email: admin@panchakanyamai.com.np

# नवौं तथा दशौं वार्षिक साधारण सभा सम्बन्धि सूचना

यस पञ्चकन्या माई हाईड्रोपावर लिमिटेडको मिति २०८२।०८।२९ गते वसेको संचालक समितिको बैठकको निर्णय अनुसार कम्पनीको नवौं तथा दशौं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्न वस्ने भएको हुँदा सम्पुर्ण शेयरधनीहरु महानुभावहरुको जानकारीको लागि कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा २ बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

**वार्षिक साधारण सभाहुने मिति, स्थान र समय**

**मिति :२०८२ पौष २३, तद्अनुसार ७ जनावरी २०२५, बुधबार**

**समयः** बिहान ठिक ११:०० बजे

**स्थान :** कुपण्डोल ब्याङ्क्वेट कुपण्डोल, ललितपुर

**छलफलका विषयहरु**

**(क) सामान्य प्रस्तावहरु**

१. संचालक समितिको तर्फबाट अध्यक्ष ज्यू द्वारा आ.व. २०८०/०८१ र २०८१/०८२ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने छलफल तथा स्वीकृत गर्ने ।

२. लेखापरिक्षकको प्रतिवेदन सहित आ.व. २०८०/०८१ र २०८१/०८२ को वित्तिय विवरणहरु उपर छलफल गरी पारित गर्ने ।

३. लेखापरिक्षण समितिको सिफारिस अनुसार आ.व. २०८२/०८३ को लागि लेखापरिक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. कम्पनीको संस्थापक समुहवाट प्रतिनिधित्व गर्ने १ जना महिला समेत गरि जम्मा ४ (चार) जना संचालकको निर्वाचन गर्ने ।

**(ख) विविध**

**वार्षिक साधारण सभा सम्बन्धि सामान्य जानकारीहरु**

१. साधारण सभामा उपस्थित हुने शेयरधनीहरुले अनिवार्य रुपमा वार्षिक प्रतिवेदन पुस्तिकामा संलग्न भएको प्रवेशपत्र वा आफ्नो शेयर प्रमाण पत्र वा आफ्नो परिचय स्पष्ट खुल्ने किसिमको फोटो सहितको कुनै प्रमाण पत्र साथमा लिई सभामा भाग लिन हुन अनुरोध छ ।

२. शेयरधनी महानुभावहरुको सुविधाको लागि शेयरधनी उपस्थिति पुस्तिका विहान १०:०० बजे वाट खुल्ला गरिनेछ ।

३. आफ्नो, राय, सुझाव वा जिज्ञासा राख्न चाहनु हुने शेयरधनी महानुभावहरुले सभा सुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै सम्पर्क नं. ९८०११८२१३१/ ९८०११८२१२८ वा कम्पनीको आधिकारी इमेलः admin@panchakanyamai.com.np मा सम्पर्क गरी नाम टिपाउन हुन अनुरोध गर्दछौ । सभामा आफ्नो लिखित राय, सुझाव राख्न चाहनु हुने शेयरधनी महानुभावहरुले उक्त राय सुझाव कम्पनीको इमेलमा पठाउन सक्नु हुनेछ ।

४. सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागी कम्पनी ऐन, २०६३ को दफा ८४ बमोजिम संक्षिप्त आर्थिक प्रतिवेदन राष्ट्रिय स्तरको दैनिक पत्रपत्रिका मा अलग्गै प्रकाशित गरिएको छ र सो प्रतिवेदन सहितको संक्षिप्त वार्षिक प्रतिवेदन तथा कम्पनी सम्बन्धी अन्य जानकारीहरु कम्पनीको रजिष्टर्ड कार्यालय पुल्चोक, ललितपुर वाट तथा साधारण सभाका दिन सभा हलबाट र कम्पनीको website: www.panchakanyamai.com.np मा पनि प्राप्त गर्न सक्नु हुनेछ ।

५. सभामा आफू उपस्थित नभई प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा सुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै यस कम्पनीको केन्द्रीय कार्यालय पुल्चोक, ललितपुरमा इमेल मार्फत प्रोक्सी फारम दर्ता गरिसक्नु पर्नेछ । सभामा भागलिन र मतदान गर्नका लागी प्रतिनिधि नियुक्त गरि सकेपछि उक्त प्रतिनिधी बदर गरी अर्कै मुकरर गर्ने भएमा सोको लिखित सूचना सोही अवधि भित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको ब्यक्ति समेत कम्पनीको शेयरधनी हुनु पर्नेछ ।

६. एक भन्दा बढी ब्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मत वाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा लगत किताव मा पहिलो नाम उल्लेख भएको ब्यक्तिले सभामा भागलिन सक्नु हुनेछ । कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भागलिन सक्नु हुनेछ ।

७. कुनै शेयरधनी महानुभावहरुले छलफलका विषयहरु मध्ये विविध शिर्षक अन्तर्गत कम्पनी सम्बन्धि कुनै विषयमा छलफल गर्न गराउन चाहेमा सभाहुनु भन्दा ७ कार्य दिन अगावै कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनुपर्नेछ तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा वहसको रुपमा समावेश गर्ने वा नगर्ने अधिकार संचालक समितिको अध्यक्षमा निहित हुनेछ ।

८. साधारण सभाको प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिका मिति २०८२।०९।१४ गते शेयरको दर्ता किताव बन्द (Book Close) रहनेछ । मिति २०८२।०९।१४ गतेको अघिल्लो दिन मिति २०८२।०९।१३ सम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोवार भएका शेयरधनीले मात्र यस सभामा भागलिन र मतदान गर्नका लागि योग्य हुनेछन् ।

९. संचालक निर्वाचनको विस्तृत कार्यक्रम तथा अन्य जानकारी निर्वाचन अधिकृतको कार्यालय (यस कम्पनीको प्रधान कार्यालय) पुल्चोक, ललितपुरमा प्रकाशित हुने भएकोले त्यस सम्बन्धमा थप जानकारी राख्न ईच्छुक शेयरधनी तथा उम्मेदवारले कार्यालय समय भित्र सम्पर्क राख्न अनुरोध गर्दछौं ।

१०. वार्षिक साधारण सभा सम्बन्धि थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको मुख्य कार्यालय पुल्चोक, ललितपुरमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ । थप जानकारीको लागि कम्पनीको वेवसाइट www.panchakanyamai.com.np वाट प्राप्त गर्न सकिनेछ ।

**संचालक समितिको आज्ञाले**

**कम्पनी सचिव**